# **माध्यमिक विद्यालय स्थानहरू विनियोजन प्रणाली 2020/2022**

# **सकेण्डरी एक खुला स्थानहरूको लागि आवेदनको सम्बन्धमा Notes for Parents**

**(फेब्रुअरी 2022 मा अद्यावधिक गरिएको)**

प्राथमिक 6 पढ्ने विद्यार्थीहरूको अभिभावकहरुले जसले सेकेण्डरी स्कूल स्थान विनियोजन (SSPA) प्रणाली 2020/2022 को माध्यमबाट माध्यमिक 1 (S1) स्वनिर्णयगत स्थान (DP) को लागि आवेदन दिन चाहनु हुनेलाई यस कागजातलाई ध्यानपूर्वक पढ्नको लागि सल्लाह दिइन्छ (Notes for Parents) र सेकेण्डरी एक स्वनिर्णयगत स्थान को लागि Application Form (Application Form) सन्दर्भ बनाउनु होला र पोइन्टहरू नोट गर्नु होला ।

## आवश्यकताहरु

2. माध्यमिक एक खुला स्थानको लागि हाते पुस्तिका (Handbook) मा सूचिकृत सहभागी विद्यालयहरु मध्ये प्रत्येक विद्यार्थीले **दुईवटा नबढाई** आवेदन दिन पाउनेछन्, अन्यथा ऊ/उनको DP पाउने मौका गुम्नेछ । हातेपुस्तिकालाई Handbook शिक्षा ब्यूरो (EDB) द्धारा प्रकाशित गरिन्छ र आमाबुवाहरुको सन्दर्भका लागि Application Forms र Notes for Parents वितरण गरिने दिन प्राथमिक विद्यालयहरुमा उपलब्ध गराइनेछ । आमाबुवाहरु EDB को गृहपृष्ठ (www.edb.gov.hk) मा पनि जान सक्नुहुन्छ (सूचिहरु डाउनलोड गर्नः Home > Education System and Policy > Primary and Secondary Education > School Places Allocation Systems > Secondary School Places Allocation (SSPA) System) छनोट गर्नुहोस् वा EDB को 24 घण्टे स्वचालित टेलिफोन सोधपूछ प्रणालीमा फोन गर्नुहोस् 2891 0088 (थिच्नुस् 2 (अङ्ग्रेजी) > 5 (फ्याक्स सेवाहरु) > 04 (माध्यमिक विद्यालय स्थान विनियोजन प्रणालीः विद्यालय सूचिहरु)) सूचिहरु फ्याक्सबाट पाउनको लागि ।

3. दुईवटा सहभागी माध्यमिक विद्यालयहरुमा नबढाई DP आवेदनहरु दिनुका अलावा विद्यार्थीहरुले Jockey Club Ti-I College[1] र प्रत्यक्ष छुट प्रणाली (DSS) माध्यमिक विद्यालयहरु जुन SSPA प्रणालीमा सहभागी नभएका (NDSS secondary schools)[2] मा पनि S1 स्थानका लागि आवेदन दिन सक्छन् ।

## आवेदन अवधि

4. DP आवेदनको अवधि भरी सबै सहभागी सेकेण्डरी स्कूलहरुका लागि समान रहन्छ, **3 जनवरी (सोमवार) देखि 17 जनवरी 2022 (सोमवार) सम्म, दुवै मिति समावेश हुन्छन् ।** छुट्टाछुट्टै स्कूलहरूको अपरेटिंग समयको जानकारीको लागि, स्कूलहरूसँग सिधै सोधपुछ गर्नु पर्नेछ।

## Application Form

5. Application Form विशेष गरी सरकारी, सहायता प्राप्त र क्यापुट DP सेकेण्डरी स्कूलहरुको साथसाथै SSPA प्रणालीमा भाग लिने DSS सेकेण्डरी स्कूलहरु (जस्तै Handbook सूचीबद्ध स्कूलहरू) विद्यार्थीहरूको प्रयोगको लागि विद्यार्थीहरूको लागि डिजाइन गरिएको हो। प्रत्येक सहभागी प्राथमिक 6 को विद्यार्थीले दुई वटा Application Forms सहभागी प्राथमिक विद्यालयमार्फत पाउँछन् ।

---

[1] Jockey Club Ti-I College का लागि S1 भर्नाका लागि आवेदन अवधि 3 जनवरी (सोमवार) देखि 19 जनवरी 2022 (बुधवार) सम्म हुन्छ । यदि विद्यार्थीहरु Jockey Club Ti-I College मा दिएको उनीहरुको आवेदनमा सफल भए भने, उनीहरुलाई DP बाँडफाँड गरिने छैन वा SSPA प्रणाली अन्तर्गत केन्द्रिय कुनै (CA) स्थान उपलब्ध गरिने छैन । यदि उनीहरु आफ्नो आवेदनमा असफल भए पनि, उनीहरु S1 स्थानको बाँडफाँडका लागि SSPA प्रणाली अन्तर्गत जान सक्नेछन् ।

[2] NDSS secondary schools को आवेदनका लागि उनीहरुको आफ्नै समय तालिका हुन्छ । विस्तृत जानकारीका लागि कृपया सम्बन्धित विद्यालयसित प्रत्यक्ष सम्पर्क राख्नुहोस् । विद्यार्थीहरुले आवेदन दिन पाउने NDSS secondary schools सङ्ख्या कुनै सीमित नभएकोले, ऊ/उनले धैरै NDSS secondary schools को स्थानको लागि स्वीकृति पाउन सक्छ । तथापि, यसरी स्थान उपलब्ध गराउने कुनै एउटा विद्यालयमा आमाबुवाको हस्ताक्षरित मन्जुरी तथा प्राथमिक 6 विद्यार्थी रेकर्ड फारमको सक्कल प्रति बुझाएको खण्डमा, यसमा NDSS secondary school द्धारा दिइएको S1 स्थान स्वीकार गर्ने र अन्य कुनै पनि अनुदानित S1 स्थानहरु त्याग्ने (सहभागी माध्यमिक विद्यालयहरुको S1 स्थान र Jockey Club Ti-I College सहित) सहमति हुनेछ SSPA। विद्यालयले जुन को शुरु तिर 2022 सम्म आमाबुवाको निर्णय बारे EDB लाई सूचित गर्नेछ । NDSS secondary schools बाट सफल विद्यार्थीहरुको सूचि प्राप्त गरेपछि, EDB ले सूचित गरेका विद्यार्थीहरुलाई SSPA प्रणाली मार्फत अन्य स्कूल स्थान दिइने छैन । 2020/2022 को SSPA प्रणालीमा सहभागी नभएका DSS माध्यमिक विद्यालयहरुका सम्बन्धित आमाबुवाहरुले आफ्नो बच्चाको प्राथमिक विद्यालयहरुलाई सम्पर्क गर्न सक्नेछन् । आमाबुवाहरु EDB को गृहपृष्ठ (www.edb.gov.hk) मा पनि जान सक्नुहुन्छ (सूचिहरु डाउनलोड गर्नः Home > Education System and Policy > Primary and Secondary Education > School Places Allocation System > Secondary School Places Allocation (SSPA) System) प्रणाली)) छनोट गर्नुहोस् वा EDB को 24 घण्टे स्वचालित टेलिफोन सोधपुछ प्रणालीमा फोन गर्नुहोस् 2891 0088 (थिच्नुहोस् 2 (अङ्ग्रेजी) > 5 (फ्याक्स सेवाहरु) > 04 (माध्यमिक विद्यालय स्थान विनियोजन प्रणाली विद्यालय सूचिहरु)) सूचिहरु फ्याक्सबाट पाउनको लागि ।

6. प्रत्येक Application Form लाई चार भागमा विभाजन गरिएको छ: EDB को प्रतिलिपि (निलोमा), स्कूलको प्रतिलिपि (हरियोमा), अभिभावकको प्रतिलिपि (रातोमा) र स्कूल प्राथमिकताको अर्डर (स्कूल प्राथमिकता 1 को पहिलो विकल्प छ र स्कूल प्राथमिकताको अर्डर 2 दोस्रो विकल्पको रूपमा लिइन्छ) (रातोमा)। विद्यार्थीहरुको विवरणहरू Application Form प्रत्येक भागमा पहिले नै प्रि-प्रिन्ट गरिएको छ। उदाहरणको रूपमा अभिभावकको प्रतिलिपि लिनुहोस्, प्रिन्ट गरिएको जानकारीले समावेश गरिएको हुन्छ:

- विनियोजन चक्र
- विद्यार्थी सन्दर्भ नम्बर
- आवेदन नम्बर
- विद्यार्थीको नाम
- लिङ्ग
- जन्म मिति
- सहभागी प्राथमिक विद्यालय

7. Application Form र प्राथमिक 6 विद्यार्थी अभिलेख फाराम संकलन गरेपछि आमाबुवाहरुलाई[3] तुरुन्तै निम्न पहिले नै छापिएको (प्रि-प्रिन्ट गरिएको) जानकारी उनीहरूको बालबालिकाको जारी गरिएको परिचय कागजातमा उल्लेख भएको व्यक्तिगत विवरणसित मिल्छ वा मिल्दैन जाँच्न अनुरोध गरिन्छ जस्तै:

- विद्यार्थीको नाम
- लिङ्ग
- जन्म मिति

फरक भएमा संशोधनका लागि आमाबुवाले बालबालिकाको प्राथमिक विद्यालयमा तुरुन्त सूचित गर्नुपर्छ, जसलाई प्राथमिक विद्यालयको छाप लगाएर अनुमोदन गरिनुपर्छ । आमाबुवाले कुनै पनि पहिले नै छापिसकेको (प्रि-प्रिन्ट गरिएको) जानकारी आफैले संशोधन गर्नुहुँदैन माथी Application Form, र उनीहरुले आवेदन दिने माध्यमिक विद्यालयहरुले पनि Application Form लिने बेलामा उनीहरुको लागि पहिले नै छापिसकेको (प्रि-प्रिन्ट गरिएको) जानकारी संशोधन गर्ने छैनन् ।

## आवेदन प्रक्रियाहरु

8. DP को लागी आवेदन दिने हो कि होइन भनेर आमा वा बुबाले छनौट गर्न सक्दछन, यदि अभिभावकले DP आवेदन दिने निर्णय गर्नुभयो भने, वहाँहरुले Application Form बुझाउँदा निम्न प्रक्रियाहरु पालना गर्नु पर्दछ:

(i) प्राथमिकताको आधारमा Application Form चारै भागहरूमा दिइएको स्थानमा आवेदन दिन को लागि सेकेण्डरी स्कूलहरुको नाम भर्नुहोस्।
(ii) रिटेंशन र रेकर्डको लागि अर्डर अफ स्कुल प्रीफरेंस  समावेश गरिएको भाग लाई छुट्ट्याउनुहोस् (विद्यार्थीहरुले आफूहरुले आवेदन दिने विद्यालयहरुको प्राथमिकता सूचि संकेत गरिरहन आवश्यक छैन)। अन्य तीन भाग जस्ताको तस्तै राख्नु पर्नेछ।
(iii) EDB को प्रतिलिपि, स्कूलको प्रतिलिपि र अभिभावकको प्रतिलिपि मा एउटै आवेदन नम्बर हुनु पर्दछ (सबै तीन भागहरू जस्ताको तस्तै सँगै हुनुपर्छ) सेकेण्डरी स्कूलमा बुझाउनु होस, साथमा सेकेण्डरी स्कूललाई आवश्यक पर्ने अन्य कागजातहरूको साथ साथै (उदाहरण को लागी, पूरा भरिएको सेकेण्डरी स्कूलको भर्ना फारामसमेत) बुझाउनुहोस्।
(iv) सेकेण्डरी स्कूल द्वारा जाँचको लागि विद्यार्थी आवेदकको परिचय पत्र को सक्कल  प्रतिलिपि देखाउनुहोस।
(v) अन्तमा सेकेण्डरी स्कूलबाट पठाएको स्कूलको छाप भएको अभिभावकको प्रतिलिपि (पैरेंट कॉपी), स्कूलको नाम र स्कूल रिटेंशन र रेकर्डको लागि सुरक्षित राख्न माध्यमिक विद्यालयबाट प्राप्त गर्नुहोस् ।

---

[3] प्राथमिक 6 विद्यार्थी अभिलेख फाराम विद्यार्थीहरुले S1 Jockey Club Ti-I College तथा NDSS secondary schools क्ज्ञ भर्नाका लागि आवेदन दिँदा परिचय कागजातका रुपमा प्रयोग गरिन्छ ।

**<u>अभिभावकहरूले ध्यान दिनुहोस् कि एक पटक पेश गरी सकेपछि, Application Form पुन फिर्ता लिन वा रद्द गर्न सकिँदैन र स्कूल छनोटको प्राथमिकताको क्रममा कुनै परिवर्तन गर्न  सकिँदैन।</u>**

9. यदि विद्यार्थीहरुले **<u>एउटा मात्र सेकेण्डरी स्कूलमा आवेदन</u>** दिए भने अर्डर अफ स्कुल प्रीफरेंस 1 को सहितको Application Form प्रयोग गर्नुपर्छ । यदि विद्यार्थीले दुवै Application Forms एउटै विद्यालयका लागि बुझाए भने, EDB ले अर्डर अफ स्कुल प्रीफरेंस 1 को आवेदन मात्रै प्रशोधन गर्नेछ र अर्डर अफ स्कुल प्रीफरेंस 2 लाई मान्यता दिने छैन । प्रयोग नभएका कुनै Application Form हस्तान्तरणयोग्य हुँदैनन् । आमाबुवाहरुले आवेदन अवधिपछि Application Forms आफैले राख्न वा नष्ट गर्न सक्छन् ।

10. निम्न अवस्थाहरुमा Application Forms सेकेण्डरी स्कूलहरुले स्वीकार गर्दैनन्ः

- हुलाकबाट पठाइएका Application Forms वा निर्धारित समयसीमा पछि बुझाइएको फारामहरु
- विनियोजन चक्र, विद्यार्थी सन्दर्भ (रिफरेन्स) नम्बर र आवेदन नम्बरमा संशोधन गरिएका Application Forms
- विद्यार्थीको नाम, लिङ्ग र जन्म मिति संशोधन गरिएका, EDB को छाप नभएका Application Forms
- नक्कली, बिग्रेका वा अपूरो Application Forms

## विद्यालय स्थानहरुको विनियोजन

11. सहभागी सेकेण्डरी स्कूलहरुले आफ्नो भर्ना मापदण्ड उनीहरुको शैक्षिक दर्शन र संस्कृति अनुसार बनाउन सक्छन् । उनीहरुले आफ्नो भर्ना मापदण्ड र तौलका साथसाथै आवेदनका लागि DP को संख्या पनि सार्वजनिक गर्नु जरुरी छ । जसलाई विद्यालयको एउटा महत्वपूर्ण स्थानमा देखिने गरी राख्नुपर्छ वा प्रत्येक आवेदक विद्यार्थीलाई भर्ना हुनुअघि लिखित रुपमा दिनुपर्छ । कुनै विद्यालयमा आवेदन दिनुअघि, आमाबुवाहरुले विद्यालय भर्ना गर्न अघि विद्यालय को सबै पहलुहरु लाई विचार गर्नुहोस्, जस्तै यसको शैक्षिक दर्शन, संस्कृति, धर्म, भर्नाको मापदण्ड र विद्यालयले निर्धारण गरेको भार, कक्षा को संरचना, विकास र संचालन, र उनीहरुको बच्चाहरु को क्षमता, झुकाव र चासो हरु जस्ले गर्दा  एउटा उपयुक्त स्कूल छनौट गर्न को लागी सहयोग हुने छ।  विद्यालयहरुले अन्तर्वाता लिन सक्छन् तर कुनै पनि लिखित परीक्षा लिइने छैन ।

12. सबै सहभागी माध्यमिक विद्यालयहरूले (Jockey Club Ti-I College सहित) DP चेकजाँच गरेपछि सफल आवेदकहरूको अभिभावकलाई (गैर-सहभागी विद्यार्थीहरू सहित) स्वनिर्णयगत स्थानहरुको सफल सूचीको लागि उनीहरूको बच्चाहरूको समावेश सूचीमा परेको  पत्र(लेटर)  र फोनबाट 4 मे 2022 भित्र सूचित गर्नुपर्दछ। स्कूलहरूले अभिभावकलाई सूचना प्रबन्धहरूको बारेमा राम्रोसँग जानकारी गराउन आवश्यक हो, र अभिभावकहरूबाट आवश्यक सम्पर्क जानकारी पहिल्यै संकलन गर्नु जरुरी छ। यी सूचना व्यवस्था आरक्षित र असफल आवेदकहरूलाई लागू हुँदैन, **<u>न त सूचनाहरु निर्धारण नतिजा नै हुन् ।</u>** सम्बन्धित अभिभावकहरुले सूचनाहरुको जवाफ दिन आवश्यक छैन ।

13. यदि सहभागी हुने माध्यमिक विद्यालयहरुबाट सूचना प्राप्त गर्ने अभिभावकहरुले उनीहरुको बच्चाहरुको लागि NDSS secondary school को विद्यालय स्थानमा पनि आवेदन दिएका छन् भने, उनीहरुले NDSS secondary school ले गरेको प्रस्ताव स्वीकार गर्ने वा नगर्ने भन्ने कुरामा 12 मे 2022 वा पहिले निर्णय गनुपर्नेछ । यदि अभिभावकहरूले NDSS secondary school द्वारा प्रस्ताव गरिएको स्कूलको स्थान कायम गर्ने निर्णय गरे भने, सहभागी हुने माध्यमिक विद्यालयहरुको सूचनाहरुलाई बेवास्ता गर्नुपर्नेछ । यदि उनीहरुले प्रस्ताव अस्वीकार गर्ने निर्णय गरेमा, उनीहरुले NDSS secondary school को सम्बन्धितलाई NDSS secondary school सूचित गर्न सक्नेछन् र उनीहरुले सफलतापूर्वक हासिल गरेको DP कायम राख्नको लागि 12 मे 2022 वा यस अगाडि नै सक्कली हस्ताक्षर गरिएका अभिभावकको उपक्रम (परेन्टस अनडरटेकिङ)  र प्राथमिक 6 विद्यार्थी रेकर्डको फारमहरु पुन प्राप्त गर्नुपर्छ । एक पटक हस्ताक्षर गरिएका काम कागजातहरु पुन प्राप्त गरि सकेपछि, यसले सम्बन्धित अभिभावकहरुले NDSS secondary school पहिले प्रस्ताव गरेको S1 विद्यालय स्थान त्यागेको भन्ने कुरा पुष्टि गर्दछ ।

14. सहभागी हुने माध्यमिक विद्यालयहरुले पेश गरेको स्वनिर्णयगत स्थानहरुको लागि सफल सूचिहरुको आधारमा, EDB ले सहभागी हुने प्रत्येक प्राथमिक विद्यालयलाई सफल DP आवेदकहरुको (जसले सम्बन्धित माध्यमिक विद्यालयहरुको नाम देखाउने छैन र विद्यार्थीहरुलाई सफल आवेदकको रुपमा एक वा दुई माध्यमिक विद्यालयहरुले छनोट गरेको छ वा छैन भन्ने कुरा देखाउने छैन) सम्बन्धित सूचि मे 2022 को प्रारम्भमा दियिनेछ।

15. अनुच्छेद 12 देखि 14 मा भएका प्रबन्धहरु प्रशासनिक क्रियाविधि हुन् र पहिल्यै रहिरहेको SSPA विधिहरु अपरिवर्तित रहनेछ । प्रत्येक Application Form मा विद्यार्थीको विद्यालय छनोट प्राथमिकता पहिचान गर्न एउटा विशेष संख्या राखिएको हुन्छ । EDB ले विद्यार्थीहरुको छनोट र विद्यालयहरुको सफल र रिजर्भ सूचिहरु मिलान गर्छ । यदि उसले/उनले आवेदन दिएको दुवै विद्यालयमा विद्यार्थी सफल भएमा, र कुनै पनि NDSS secondary school बाट विद्यालय स्थान स्वीकार गरिएको छैन भने, उसको/उनको रुचाएको क्रम अनुसारको पहिलो विद्यालयको S1 स्थानमा उसलाई/उनलाई निर्धारित गरिनेछ ।

16. DP आवेदनमा सफल भएका विद्यार्थीहरुको लागि केन्द्रिंय बाँडफाँड CA मा विद्यालय स्थान बाँडिने छैन । DP मा सफल नभएकाहरुका लागि CA मा स्थान बाँडफाँड गरिन्छ । आमाबुवाहरुले यस विनियोजन चक्रको SSPA प्रणाली अन्तर्गत S1 स्थानहरु प्रदान नगर्ने माध्यमिक विद्यालयमा दिनुभएको आवेदनलाई प्रक्रियामा लगिने छैन ।

17. आफ्नो बच्चाहरुको लागि DP मा आवेदन नदिएका, वा सहभागी हुने माध्यमिक विद्यालयहरुबाट आफ्नो बच्चाहरु स्वनिर्णयगत स्थानहरुको लागि सफल सूचिमा समावेश भएको सूचना प्राप्त नगरेका अभिभावकहरुले विधिवत रुपमा पूरा भरेको माध्यमिक एक विद्यालयहरुको रोजाई फारम (Choice Form) EDB मा मे 2022 को अन्तिममा उनीहरुको प्राथमिक विद्यालयहरु मार्फत बुझाउनु पर्दछ । यो यदि उनीहरुको DP आवेदन सफल नभएमा विद्यार्थीहरु अझै पनि CA द्धारा S1 स्थानहरुमा निर्धारण हुनेछन् भन्ने कुरा सुनिश्चित गर्नु हो । त्यस्ता अभिभावकहरु जसलाई सहभागी हुने माध्यमिक विद्यालयहरुले उनीहरुको बच्चाहरु स्वनिर्णयगत स्थानहरुको सफल सूचिमा समावेश भएको कुरा सूचित गराइएका छन् भने विद्यालयको रोजाईमा भर्नु पर्ने छैन । उनीहरुले विद्यालयको रोजाई भन्ने भागमा क्रस मात्र गरेर Choice Form हस्ताक्षर गर्नुपर्दछ, र उनीहरुको बच्चाहरु जाने विद्यालयहरुमा Choice Form फिर्ता गर्नुपर्दछ । **DP र CA को नतिजा एकै चोटि 26 जुलाई 2022[4] मा जारी गरिनेछ ।** अभिभावकहरुले आवेदन दिएको विद्यालयहरुमा नतिजा आउनु अघि सोधपुछ गर्न आवश्यक छैन ।

## Application Form को सट्टा भर्ना पाउने आवेदन

18. विग्रिएका वा हराएका Application Forms हरु विद्यालय स्थान प्रतिस्थापन विभागमा (SPA) व्यक्तिगत रुपमा पाउन सक्नुहुन्छ । HK$125 को शुल्क प्रति प्रतिस्थापन लगाइनेछ। यदि हराएको भनेर दावी गरिएको फारम प्रतिस्थापन प्रतिलिपि जारी गरिए पछि फेला पर्‍यो भने, अभिभावकले प्रतिस्थापन प्रतिलिपि प्रयोग गर्नुपर्दछ र फेला पारिएको प्रतिलिपिलाई Application Form नष्ट गर्नुपर्दछ। अभिभावकहरूले एउटा भन्दा बढि माध्यमिक विद्यालयमा आवेदनको लागि एउटै अर्डर अफ स्कुल प्रीफरेंस सहित आवेदन फारमहरूApplication Forms प्रयोग गर्नु हुँदैन, अन्यथा, उनीहरूका बच्चाहरूको DP प्राप्त गर्ने मौका गुम्नेछ ।

## सोधपूछ

19. थप सोधपुछको लागि, आमाबुवाहरुले उनीहरुको बालबालिकाको प्राथमिक विद्यालयहरुमा सल्लाह गर्न सक्नेछन् वा EDB को SPA सेक्सन (SSPA) को 2832 7740 वा 2832 7700 मा सम्पर्क गर्न सक्नेछन् ।

विद्यालय स्थान निर्धारण शाखा
शिक्षा ब्यूरो
डिसेम्बर 2021
(फेब्रुअरी 2022 मा अद्यावधिक गरिएको)

[4] प्राथमिक विद्यालयहरुमा बाँडफाँड नतिजाहरु जम्मा गर्ने मिति 25 जुलाई 2022 हो । यदि EDB ले उक्त दिनमा प्रि–नं 8/नं 8 वा माथिको ट्रपिकल साइक्लोन वार्निङ सिग्नल जारी गरिएको कारणले विद्यालयहरु बन्द गर्ने घोषणा गरेको भएमा, बाँडफाँड नतिजाहरु जम्मा गर्ने मिति 26 जुलाई 2022 मा सारिने छ । यसै अनुसार बाँडफाँडका नतिजाको घोषणा 26 जुलाई 2022 देखि 27 जुलाई 2022 मा सारिने छ । यदि बाँडफाँड नतिजाको घोषणा गर्ने दिनको बिहान (अर्थात 26 जुलाई 2022), EDB ले उक्त दिनमा प्रि– नं 8/नं 8 वा माथिको ट्रपिकल साइक्लोन अथवा रेड वा ब्ल्याक रेनस्टर्म वार्निङ सिग्नल जारी गरिएको कारणले विद्यालयहरु बन्द गर्ने घोषणा गरेको भएमा, बाँडफाँड नतिजाको घोषणा अर्को विद्यालय खुल्ने दिनमा सारिने छ ।